# रुपा गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
रुपाकोट, कास्की

**४ नं. प्रदेश नेपाल**

प्रथम पटक प्रकाशित मिति ०७४/११/१८

**ढुङ्गा, वालुवा, गिट्टी, रोडा को विक्री सम्बन्धी शिलबन्दी दरभाउपत्र आब्हान सूचना ।**

रुपा गाउँपालिकाको कार्यालय, रुपाकोट कास्कीले शिलबन्दी दरभाउपत्रको प्रथम गाउँसभा निर्णय बमोजिम आ.ब. २०७४/७५ का लागी तपशिल बमोजिमका आन्तरिक आय संकलन ठेक्का पट्टाको माध्यमबाट गर्नुपर्ने भएकोले ठेक्कापट्टा गर्नको लागी योग्य फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखि सूचना प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र तोकिएको रकम बुझाई दरभाउपत्र फारम यस कार्यालयबाट खरिद गरि ५ प्रतिशत धरौटी र कुल कबोल अंकको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैङ्क पृथ्वीचोक पोखराको खाता नं. ३०२०३०३००७१०३ को धरौटी खातामा जम्मा गरेको सक्कललै भौचर वा १२० दिन म्याद भएको बैङ्क ग्यारेन्टी समेत संलग्न राखी शिलबन्दी बोलपत्र फारम पेश गर्न साथै आन्तरिक आय संकलन सम्बन्धी सूचना प्रकाशित गरिएको छ। दररेट तथा सीलबन्दी दरभाउ सम्बन्धी शर्त तथा बन्देजहरु दरभाउ पत्रमा आवश्यक कागजातहरु उल्लेख गरिने छ ।

तपशिल

- ठेक्कापट्टाको कार्य गर्न जारी नविकरण भएको इजाजत पत्रको प्रमाणित फोटोकपी
- मु. अ. कर दर्ता प्रमाण्पत्रको प्रमाणित फोटोकपी
- करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
- नेपाली नागरीकताको प्रमाण्पत्रको प्रमाणित प्रतिलिपी

} नोटरी पब्लीकबाट प्रमाणित हुनु पर्ने ।

ग्रामीण सडकहरु :-

| क.सं. | विवरण | भ्याटकर बाहेकको न्यूनतम अंक | टे.फा. दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|
| खोलाजन्य पदार्थको निकासीको लागि :- | | | | | |
| १ | आपुखोला अन्तर्गत | ४००,०००।- | १०००।- | १५ औं दिन कार्यालय समयमम्म | १६ औं दिन मध्यान्ह १२:०० बजे भित्र |

पुनश्च :१) घाटक्षेत्रको विक्री हुने ढुङ्गा, गिट्टी, बालुवाको हकमा प्रति वर्ग फिट रु. २।- (प्रति घनमीटर रु. ७१) (म्याट रकम वाहेक) निकासी कर तथा तोकिएको विक्री कर ।

<u>शर्त तथा बन्देजहरु :</u>

१. खरिद भएका दरभाउपत्रको प्रत्येक पानामा सहि, छाप र खाम शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना र ठेक्काको नाम लेखि सूचना प्रकाशित भएको मितिले १५ औं दिन दिनको १२ :०० बजे भित्र खामबन्दि गरी यस कार्यालयमा सीलबन्दी दरभाउ पत्र पेश गर्न सकिने छ । दर्ता हुन आएका शिलबन्दी दरभाउपत्र सोहि दिनको २:०० बजे यस कार्यालयमा वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२. ठेकेदार र गाउँपलिका बीच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उठेमा गाउँपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन । बोलपत्र स्वीकृत भइ सम्झौता हुँदा वातावरण संरक्षण ऐन, नियमावली लगायत प्रचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज समेत पालना गर्नु पर्नेछ ।

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

३. ठेक्का स्वीकृत भएको ७ दिन भित्र कबुल अंक रकम एकमुष्ठ बुझाएमा १० प्रतिशत सम्म छुट दिन सकिने छ । सो नभए प्रथम किस्ता ५० प्रतिशत रकम र अग्रीम आयकर तथा मु.अ. कर बापत रकम एकमुष्ठ ठेक्का सम्झौताको बखत जम्मा गर्नु पर्नेछ । बांकी ५० प्रतिशत प्रतिशत हुने दोश्रो किस्ताको रकम ०७४ पौष मसान्त भित्रमा बुझाउनु पर्नेछ । ठेक्का सम्झौताका बखत उक्त ५० प्रतिशत रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट Performance Bond Guarantee पेश गर्नु पर्नेछ । ठेक्का अवधि समाप्त भएपछि धरौटी फिर्ता लिन वा बैंक जमानत फिर्ता लिन आन्तरिक राजश्व कार्यालयवाट कर चुक्ता प्रमाण पत्र पेश गरेपछि मात्र दिईनेछ ।

४. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बांकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट असुल उपर गर्ने प्रक्रिया अपनाईनेछ । असुल गर्न बांकी रकममा १० प्रतिशत थप क्षतिपूर्ती समेत जोडी सरकारी बांकी सरह असुल उपर गरिनेछ ।

५. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको रीत नपुगेको दरभाउपत्र माथि कुनै कारबाही गरिने छैन ।

६. नदी किनार तथा आसपासका वनस्पती र जीवजन्तुलाई असर नपर्ने गरी राष्ट्रिय लोकमार्ग, सहायक लोकमार्गका दायाँ बायाँ निषेधित स्थान बाहेक तोकिएको स्थानबाट मात्र नदीको बहाव परिवर्तन नहुने गरी सूर्योदय देखि सूर्यास्त सम्म मात्र झिक्न पाईनेछ । हावा चलेको बेलामा, पानी चुहिने गरी, धुलो उड्ने गरी, ओभरलोड हुने गरी ढुवानी गर्ने पाईने छैन ।

७. ठेकेदारले वन, प्राकृतिक वातावरण, भू-संरक्षण तथा वातावरणीय सन्तुलनलाई हानी नोक्सानी नहुने गरी रुपा गाउँपालिकामा रहेको पास्तेखोला निकालीएका ढुङ्गा, वालुवा, रोडा, गिट्टी यस जिल्लाभित्र नेपाल सरकारबाट स्वीकृत प्राप्त विकास निर्माण काममा प्रयोग हुने कच्चा पदार्थ सम्बन्धी सम्झौता पत्रको प्रतिलिपी गाउँपालिकामा ठेकेदारबाट प्रस्तुत भई यस कार्यालयबाट स्वीकृत पत्र दिएकोमा बाहेक निर्माण काममा प्रयोग हुने र अरु व्यापारीक काममा प्रयोग हुने,ढुङ्गा, ग्राभेल, गिट्टी, रोडा, वालुवामा कर उठाउने पाईनेछ । गा.पा. को अगुवाईमा सँचालन भएका जनसहभागितामा आधारीत कार्यक्रमहरुको लागी भने कर लिन पाईने छैन ।

८. पुल, कजवे तथ कल्भर्टबाट दुबै तर्फ राष्ट्रिय लोकमार्गमा पर्ने पुलहरुको २०० मिटर अपस्ट्रिम २०० मिटर डाउन स्ट्रीम सम्म ढुङ्गा, रोडा, ग्राभेल, गिट्टी र वालुवा समेत निकाल्न पाईने छैन ।

९. नदीजन्य पदार्थ निकासी गदा राष्ट्रिय र सहायक लोकमार्गलाई असर पनृे गरी सडक निर्माण गर्ने पाईने छैन र असर नपर्ने गरीं निर्माण गर्नु परेमा निर्माण गर्नु परेमा निर्माण गर्दा लाग्ने खर्च समेत दाबी गर्न पाईने छैन ।

१०. ढुङ्गा, ग्राभेल, गिट्टी रोडा र वालुवा समेतकृ कारोवार गर्दा वालश्रम प्रयोग गर्न पाईने छैन र वातावरणमा प्रतिकुल असर पर्ने प्रविधि अपनाउन पाईनेछैन । मजदुरको ज्यालाको हकमा जिल्ला दररेटमा कम नहुने गरी ज्याला दिनु पर्ने छ ।

११. उठाईने करका दरहरु बोलपत्र फारम साथ उपलब्ध गराईनेछ । शिलबन्दी दरभाउ फारम खरिद गर्ने र पेश गर्ने दिनहरुमा विदा परेमा सो को भोलिपल्टलाई तत्कार्यको लागी अन्तिम दिन 'मानिनेछ ।

१२. स्वीकृत घाट क्षेत्रमा ढुङ्गा, गिट्टी वालुवा आदि उत्खनन एवं संकलन कार्यमा मेशिन प्रयोग गर्न पाईने छैन ।

१३. नदि, खोला, बगर एवं सार्वजनिक आवागमनमा वाधा हुने गरी संकलित सामान जम्मा गर्न पाईनेछैन ।

१४. स्थानीय स्तरमा पर्न सक्ने वातावरणीय प्रभावलाई न्यूनिकरण गर्न पर्यावरणीय दस्तुर वापत स्थानीय विकास शुल्क लगाउन सकिनेछ ।

१५. दरभाउका सम्बन्धमा थप केहि बुझ्नु परेमा कार्यालय समयमा गा.पा.मा सम्पर्क गरी बुझ्न सकिने छ । साथै विस्तृत विवरण दरभाउपत्र फारम साथ उपलब्ध गराईनेछ ।

१६. आ.ब. २०७४/०७५ का केहि महिना नेपाल सरकारको निर्णयले घाट बन्दभएमा समयावधि सोहि बमोजिमको हुनेछ र उल्लेखित परिमाण सोहि समयावधिमा विक्रि गर्नु पर्नेछ । त्यसका लागी वोलपत्रदाताले कुनै क्षतिपूर्ती वा हर्जनाको माग गर्न पाउने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

१७. जिल्ला स्तरीय अनुगमन तथा समन्पय समितिको निर्णय बमोजिम निर्धारण गरिएको क्षेत्रमा संकलित सामाग्रीको घाटगद्दी गरेर मात्र ठेकेदारले विक्री वितरणको व्यवस्था मिलाउनु पर्नेछ । घाटगद्धी गर्दा लाग्ने खर्च ठेकेदार स्वयंले नै व्यहोर्नु पर्नेछ ।

१८. वोलपत्रदाताले ढुङ्गा, गिट्टी, वालुवा विक्री गर्दा उक्त आ.ब. को लागी जिल्ला दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट भन्दा बढि हुने गरी विक्री गर्न पाउने छैन ।

१९. वोलपत्रदाताले मासिक रुपमा आफूले निकासी गरेको गरेको परिमाणको विक्री विवरण अनिवार्य रुपमा गा.पा.मा पेश गर्नु पर्नेछ ।

२०. संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट स्वीकृत आ.ब. ०७४/७५ का लागि प्रारम्भीक वातावरणीय परिक्षण (IEE) प्रतिबेदनमा उल्लेखित विषयह, पालना गर्नुपर्ने सर्तहरु, जोखिम न्यूनिकरणका लागि तोकिने मापदण्डहरु, प्रत्येक क्षेत्रवाट उठाउन सकिने प्राकृतिक स्रोत ढुङ्गा, वालुवा, गिट्टी, ग्राभेल, रोडाको परिमाण समेतका विषयहरु सोहि IEE- प्रतिवेदनले निर्दिष्ट गरे बमोजिम हुनेछन् । सो को पालना प्रत्येक बोलपत्रदताका लागी अनिवार्य शर्त हुनेछन् ।

२१. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ । नेपाल सरकार र गा.पा. ले समय समयमा दिएका निर्देशनहरु पालन गर्नु पर्नेछ ।

२२ यस कार्यालयको राष्ट्रिय वाणिज्य बैङ्क पृथ्वीचोक पोखराको खाता नं. ३०२०३०३००७१०३ को धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा १२० दिन म्याद भएको बैङ्क ग्यारेन्टी समेत संलग्न राखी शिलबन्दी बोलपत्र फारम पेश गर्नु पर्ने छ ।

११/१८

हरि बहादुर सुजेल
प्रमुख प्रशासकीय अधिकृत